## १. परिचय :

आधारभूत तहको शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवं सान्दर्भिक बनाउने अभिप्रायले स्थानीय पाठ्यक्रम निर्माण कार्य प्रारम्भ गरिएको हो । स्थानीय आवश्यकता र विश्वव्यापी सन्दर्भबीचको सन्तुलनको आवश्यकतालाई दृष्टिगत गरी आधारभूत तह (कक्षा ६-८) स्थनीय पाट्यक्रम **'हाम्रो सिस्ने'** विकास गरिएको हो । सङ्घीय लोकतान्त्रिक गनतन्त्र नेपालको विद्यालय शिक्षाको पाठ्यक्रम विकासका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरेको सिद्धान्त तथा स्वरुपमा आधारित भई वर्तमान सन्दर्भ र स्थानीय आवश्यकतालाई दृष्टिगत गरी बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पु-याउने र राष्ट्र निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने लक्ष्यमा आधारित भई यो स्थानीय पाठ्यक्रम **'हाम्रो सिस्ने २०७६'** विकास गरिएको छ ।

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०६९ मा व्यवस्था गरिएअनुसार स्थानीय आवश्यकता, स्थानीय सरोकारवालाहरुको संलग्नता र स्थानीय विज्ञतामा स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय स्तरमा लागु गर्नुपर्ने प्रावधान रहेको र यसको दायित्व स्थानीय तहको हुने व्यवस्था भएकोले ५ नं प्रदेश रुकुम (पूर्व) जिल्ला अन्तर्गत सिस्ने गाउँपालिकाको अगुवाई र आयोजनामा सवै वडाका स्थानीय सरोकारवालाहरु (जनप्रतिनिधिहरु, प्रधानाध्यापकहरु, वि.व्य. स. तथा शि.अ.सं.का पदभधिकारीहरु, स्थानीय वुद्धिजीवी तथा विज्ञहरु, शिक्षा विकास तथा समन्वय इकाइ, जिल्ला समन्वय समिति, गैर सरकारी सङ्घ संस्थाहरु आदि)को सहभागितामा मिति २०७६ माघ १४ र १५ गतेको स्थानीय पाठ्यक्रम सम्बन्धी कार्यशालाले छनोट गरेको स्थानीय आवश्यकता पहिचान तथा सङ्कलन र विज्ञ समूहको पटक पटकको बैठक तथा छलफलका आधारमा यो स्थानीय पाठ्यक्रम **"हाम्रो सिस्ने २०७६"** निर्माण गरिएको छ । सिस्ने गाउँपालिका भित्रका सवै विद्यालयका आधारभूत तह (कक्षा ६-८) मा शैक्षिक सत्र २०७७ देखि कक्षा ६ देखि क्रमश: लागु हुने गरी तयार गरिएको यस पाठ्यक्रममा सिस्ने गाउँपालिकाको भौगोलिक अवस्था, प्रमुख ऐतिहासिक पृष्ठभूमि, जनसङ्ख्या, लोकसंस्कृति, पर्यटन, पेशा व्यवसाय, सामाजिक मूल्यमान्यता जस्ता विषयवस्तुहरु समावेश गरिएको छ । यस पाठ्यक्रमका लागि ४ पाठ्यघण्टा अर्थात वार्षिक १२८ घण्टा समय छुट्याइएको छ ।

यो स्थानीय पाठ्यक्रम 'हाम्रो सिस्ने २०७६' विकास गर्ने क्रममा पाठ्यक्रम निर्माण सम्वन्धी वर्तमान नीति, नीतिगत व्यवस्था तथा भइरहेको अभ्यासको समेत अध्ययन गरिएको थियो भने स्थानीय सरोकारवालाहरु र विज्ञहरुको राय, सल्लाह तथा सुझावहरु सङ्कलन गरिएको थियो । विशेष गरी यो स्थानीय पाठ्यक्रम 'हाम्रो सिस्ने २०७६' विकास र निर्माणको क्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ र आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ को अध्ययन गरिएको थियो ।

## २. पाठ्यक्रमको औचित्य :

मानव सभ्यता र विकासका लागि स्थानीय तहबाट नै जागरुककता आउनु पर्दछ । संसारमा सबै प्रकारका विकास र सुधारका कार्यहरु मानवबाट नै सम्भव भएका छन् । मानिसले सर्वप्रथम आफ्नो गाउँ, समुदायको पहिचान गर्नुपर्दछ । स्थानीय स्थानमा भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरुबारे जानकार हुनुपर्दछ । आफु र आफ्नो क्षेत्रबाट सुधारको पहल गरेर मात्र व्यापक क्षेत्रमा पुग्न सकिन्छ।

यस पाठ्यक्रमले यस क्षेत्रको विशिष्ट पहिचान दिन्छ । आधारभूत तहमा अध्ययनरत बालबालिकाहरुले औपचारिक रुपमा आफ्नो गाउँ, समाज र जिल्लाको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वयका स्थलहरु, प्राकृतिक सम्पदा तथा यसको संरक्षरण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक बिपत्तीहरुका बारेमा समेत पहिचान गर्ने र परिचित हुनेछन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निमित्त सहयोग गर्न प्रेरित गर्दछ । यसबाट बालबालिकाहरुले सामजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्नेछन् । यो पाठ्यक्रमको कार्यान्वयनले भावी सामाजिक तथा वातावरणीय विकासका धरोहर आजका बालबालिकाहरुलाई स्थानीय परिवेशको सर्वाङ्गीण पक्षको पहिचान गराई सोको संरक्षण तथा सुधारमा सहयोग र सक्रिय सहभागीता बढाउनका साथै स्वावलम्बनको धारणा समेत प्रदान गर्नेछ । भविष्यमा स्थानीय क्षेत्रको विकासका निम्ती नयाँ सम्भावनाहरु पहिल्याउने अवसर दिनेछ । सामाजिक सहिष्णुता र मेलमिलापको वातावरण विकास गरी दिगो विकासका लागि सामाजिक ऐक्यवद्धताको सन्देश प्रवाह गर्दै आफ्नो मौलिक पेशा व्यवसाय छोड्ने प्रवृत्तीलाई निरुत्साहित गर्ने छ ।

## ३. तहगत उद्देश्यहरु/ सक्षमताहरू:

१. सिस्ने गाउँपालिकाको भूगोल, हावापानी, वनजङ्गल, जीवजन्तुहरुको पहिचान, संरक्षण र सम्वर्धन गर्न ।

२. सिस्ने गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि प्रति जानकार रही त्यसको वर्णन गर्न ।

३. सिस्ने गाउँपालिकाको जनसङ्ख्याको आकार र वितरणको जानकारी लिई व्याख्या गर्न ।

४. सिस्ने गाउँपालिकाको संस्कृति (लोक, धार्मिक, चाडपर्व,भाषा,वेषभूषा) को पहिचान, संरक्षण र सम्वर्धन गर्न ।

५. सिस्ने गाउँपालिकाको पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण र सम्बर्धन गरी तिनीहरुको उपयोग गर्न ।

६. सिस्ने गाउँपालिकाको परम्परागत पेशा र व्यवसायप्रति जानकार रही त्यसको सम्वर्धन गर्न ।

७. सिस्ने गाउँपालिकाको स्थानीय जातजाति र भेषभूषा पहिचान गरी विशेषता पहिल्याउन ।

८. सामाजिक मूल्य, मान्यता र नैतिकता प्रति सचेत रही सामाजिक सद्भाव कायम गर्न ।

**४. विषयवस्तुहरुः**

(क) सिस्ने गाउँपालिकाको भौगोलिक अवस्था ( हावापानी, वनजङ्गल, जडिवुटी, पशुपंक्षीहरु)

(ख) सिस्ने गाउँपालिकाको प्रमुख ऐतिहासिक घटनाक्रम- बोक्सेजार, देववर काजी, सदरमुकाम स्थापना र पुनर्स्थापन तथा विवाद, जनयुद्दकालीन कम्युन र जनवादी शिक्षा

(ग) सिस्ने गाउँपालिकाको कूल जनसङ्ख्या वडागत जनसङ्ख्या (महिला-पुरुष, जातजाति, धार्मिक)

(घ) सिस्ने गाउँपालिकाको लोकसंस्कृति (सिंगारु नृत्य तथा गीत, पैसेरु नाच, मयुर नाच, ज्याउरे नाच, तिज) बाजाहरुः पञ्चैबाजा, मादल, झ्याली, डौरी, पैजन, मुरली, डम्फू, आदि । चाडपर्व तथा मेलाः ( दशैं, तिहार, माघे सङ्क्रन्ति, घिया सङ्क्रन्ति, तिज, चैतेदशैं, वागार तिर्थ स्थल, भदौरे पूर्णिमा, मङ्सिरे पूर्णिमा, नाथीगार मेला, अमलाचौर मेला, पाँचपुनी मेला) भेषभूषाः गुन्यू-चोली, धरो, घलेक, धरो-पटुका, पगरी, टोपी, आदि ।

(ङ) सिस्ने गाउँपालिकाको पर्या पर्यटन (सिस्ने हिमाल, कमल ताल, सानो भेरी, गुप्ता दह, देउराली गुफा, तातो पानी), धार्मिक पर्यटन ( शिवालय, वराहा मन्दिर, बागार मेला, धामी नाच, देउवर काजीको समाधि, विन्ध्यावासिनी भगवतिको मन्दिर, अमलाचौर ब्रमा, सिस्ने देवता), युद्ध पर्यटन

(च) सिस्ने गाउँपालिकाको पेशा (कृषि, पशुपालन, हस्तकला, व्यापार, मौरी पालन, तरकारी खेति, कुखुरा पालन)

(छ) सामाजिक मूल्यमान्यता (ठूलाप्रति आदरभाव, सानाप्रति प्रेमभाव, अनुशासित जीवनयापन, श्रमप्रति आस्था शिष्ट एवं मर्यादित बोलीवचन नैतिक आचरण)

**५. कक्षागत सिकाइ उपलब्धिहरु:**

कक्षागत सिकाइ उपलब्धिहरु:

कक्षा ६

यस कक्षाको अन्त्यमा विद्यार्थीहरु निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सिस्ने गाउँपालिकाको भौगोलिक अवस्था:

१. सिस्ने गापाको परिचय दिन

२. सिस्ने गाउँपालिकाको सीमाना वरिपरी पर्ने अन्य गाउँपालिका वा जिल्लाको नाम बताउन

३. सिस्ने गाउँपालिकाका वडाहरुको सूची निर्माण गरी वडा केन्द्रहरुको नाम बताउन

४. सिस्ने गाउँपालिकाका प्रमुख गाउँ तथा बजार क्षेत्रको नाम सूचीकृत गर्न

(ख) ऐतिहासिक पृष्ठभूमि:

५. रुकुमकोटको ऐतिहासिक पृष्ठभूमि सहित परिचय दिन

६. रुकुमकोटमा सदरमुकाम स्थापना तथा पुनर्स्थापना सम्बन्धी ऐतिहासिक पृष्ठभूमि वर्णन गर्न

७. सदरमुकाम विवाद सम्बन्धी घटेका प्रमुख घटनाक्रमहरु ब्याख्या गर्न

(ग) जनसङ्ख्या:

८. जनसङ्ख्याको अवधारणा वताउन

९. सिस्ने गाउँपालिकाको क्षेत्रगत जनसङ्ख्या बताउन

१०. सिस्ने गाउँपालिकाको लिङ्गगत जनसङ्ख्या बर्णन गर्न

(घ) संस्कृति:

११. संस्कृतिको परिचय दिन

१२. संस्कृतिका प्रकारहरु छुट्याउन

१३. सिस्ने गाउँपालिकामा परम्परागत रुपमा गाइने प्रमुख गीतहरुको सूची निर्माण गरी अभ्यास गर्न

१४. सिस्ने गाउँपालिकामा परम्परागत रुपमा नाचिने प्रमुख नाचहरु खोजी गरी अभ्यास गर्न

(ङ) पर्यटन:

१५. पर्यटन व्यवसायको परिचय दिन

१६. सिस्ने गाउँपालिकाका प्रमुख पर्या पर्यटकीय स्थलहरुको सूची बनाइ तिनीहरुको विशेषता उल्लेख गर्न

१७. सिस्ने गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरुको सूची बनाइ तिनीहरुको महत्त्व उल्लेख गर्न

(च) पेशा व्यवसाय:

१८. सिस्ने गाउँपालिकाका प्रमुख पेशा ब्यवसायहरुको सूची निर्माण गर्न

१९. सिस्ने गाउँपालिकामा उत्पादन गरिने कृषि फसलहरुको नाम उल्लेख गर्न

२०. सिस्ने गाउँपालिकाका विशेष कृषि क्षेत्रहरुको पहिचान गरी तिनीहरुको उपयोग गर्न

२१. सिस्ने गाउँपालिकामा दलित समुदायहरुको परम्परागत शिल्प कलाहरु पहिचान गरी प्रयोग गर्न

(छ) सामाजिक मूल्यमान्यता:

२२. सिस्ने गाउँपालिकाका सामाजिक मूल्यमान्यताको अवस्था वर्णन गर्न

२३. सिस्ने गाउँपालिकाका परम्परागत सामाजिक मूल्यमान्यताहरु र त्यसको महत्त्व पहिचान गरी अवलम्वन गर्न।

कक्षागत सिकाइ उपलब्धिहरु:

कक्षा ७

यस कक्षाको अन्त्यमा विद्यार्थीहरु निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) भौगोलिक अवस्था:

२४. सिस्ने गाउँपालिकाको भू-धरातलीय अवस्था वर्णन गर्न

२५. सिस्ने गाउँपालिका स्तरको हावापानीको अवस्था पहिचान गरी सोही अनुसार व्यवहार गर्न

(ख) ऐतिहासिक पृष्ठभूमि:

२६. बोक्सेजारको परिचय दिई यसको उत्पत्तिको इतिहास बताउन

२७. देउवर काजीको ऐतिहासिक पृष्ठभूमि वर्णन गर्न

(ग) जनसङ्ख्या:

२८. जनसङ्ख्या वितरणको अवधारणा वताउन

२९. सिस्ने गाउँपालिका स्तरमा जनसङ्ख्या वितरणको अवस्था उल्लेख गर्न

३०. सिस्ने गाउँपालिकाको वडागत जनसङ्ख्या र जनघनत्व तुलनात्मक रुपमा पहिल्याउन

(घ) संस्कृति:

३१. बाजाको पहिचान गरी गीत सङ्गीतमा बाजाको भूमिका वर्णन गर्न

३२. सिस्ने गाउँपालिकामा परम्परागत रुपमा प्रयोग हुँदै आएका बाजाहरुको खोजी गरी तिनीहरुको संरक्षण र प्रयोग गर्न

३३. सिस्ने गाउँपालिकामा परम्परागत रुपमा प्रयोग हुँदै आएका भेषभूषाहरु पहिचान गरी तिनीहरुको संरक्षण गर्न

३४. सिस्ने गाउँपालिकाका लोपोन्मुख परम्परागत भेषभूषाहरु खोजी गरी तिनीहरुको संरक्षण र सम्वर्धन गर्न

३५. सिस्ने गाउँपालिकामा खाइने खानाका प्रकारहरु उल्लेख गर्न

३६. सिस्ने गाउँपालिकामा परम्परागत खानाका प्रकारहरु, तिनीहरुको गुणस्तर तथा प्रयोगबाट स्वास्थ्यमा पर्ने सकारात्मक प्रभाव पहिचान गर्न

(ङ) पर्यटन:

३७. सिस्ने गाउँपालिकाका पर्यटकीय स्थलहरुको परिचय दिन

३८. सिस्ने गाउँपालिकाका धार्मिक पर्यटनको परिचय दिई त्यसका विशेषताहरु बताउन

३९. सिस्ने गाउँपालिकाका पर्या पर्यटनको परिचय दिई त्यसका आकर्षणहरु उल्लेख गर्न

४०. सिस्ने गाउँपालिकाका युद्ध पर्यटनको परिचय दिई त्यसका विशेषताहरु बताउन

(च) पेशा व्यवसाय:

४१. व्यापार तथा व्यापारिक केन्द्रहरुको पहिचान गरी त्यसको महत्त्व वर्णन गर्न

४२. सिस्ने गाउँपालिकामा खाद्य तथा फलफूलका सम्भावित क्षेत्रहरु र महत्त्व पहिचान गरी उपयोग गर्न

४३. सिस्ने गाउँपालिकामा कुखुरापालन व्यवसायको सम्भाव्यता पहिचान गरी सदुपयोग गर्न

(छ) सामाजिक मूल्यमान्यता:

४४. सामाजिक मूल्यमान्यताको परिचय र अवधारणा बताउन

४५. सिस्ने गाउँपालिकाका सामाजिक मूल्यमान्यताहरुप्रति जानकार रही सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न

कक्षागत सिकाइ उपलब्धिहरु:

कक्षा ८

यस कक्षाको अन्त्यमा विद्यार्थीहरु निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) भौगोलिक अवस्था:

४६. सिस्ने गाउँपालिकाका वनजङगलको अवस्था र त्यसको महत्वप्रति जनकार रही संरक्षण र सदुपयोग गर्न

४७. सिस्ने गाउँपालिकाका वनजङगलमा पाइने जडिबुटीहरुको खोजी गरी त्यसको सदुपयोग र संरक्षण गर्न
४८. सिस्ने गाउँपालिकामा पाइने पशुपंक्षीहरु पहिचान गरी तिनीहरुको संरक्षण गर्न
४९. सिस्ने गाउँपालिकामा रहेका खानीहरुको खोजी गरी उपयोगमा सहयोग गर्न

(ख) ऐतिहासिक पृष्ठभूमि:

५०. द्वन्द र यसका प्रकारहरु पहिचान गरी आत्मसाथ गर्न
५१. सिस्ने गाउँपालिकाका विभिन्न कालखण्डका द्वन्दहरु; जनयुद्द र यसको अवस्था वर्णन गर्न
५२. सिस्ने गाउँपालिका स्तरमा जनयुद्दकालीन कम्यून तथा जनवादी शिक्षाको ऐतिहासिक पृष्ठभूमि बताउन

(ग) जनसङ्ख्या:

५३. सिस्ने गाउँपालिकाको लिङ्गगत जनसङ्ख्याप्रति जानकार रही लैङ्गिक विभेद न्यूनीकरणमा सहयोग गर्न
५४. सिस्ने गाउँपालिकाको जातिगत जनसङ्ख्या पहिचान गरी सामाजिक सद्भाव कायम गर्न
५५. सिस्ने गाउँपालिकाको धार्मिक जनसङ्ख्या खोज गरी धार्मिक सहिष्णुता कायम गर्न

(घ) संस्कृति:

५६. चाडपर्व तथा मेलाको परिचय दिन
५७. सिस्ने गाउँपालिकामा मनाइने प्रमुख चाडपर्वहरु वर्णन गर्न
५८. सिस्ने गाउँपालिकामा मनाइने प्रमुख मेलाप्रति जानकार रही सभ्य तरिकाले मनाउन

(ङ) पर्यटन:

५९. प्रर्यटनको महत्व बताउन
६०. सिस्ने गाउँपालिकामा धार्मिक पर्यटनको महत्व पहिचान गरी संरक्षण, सम्बर्द्धन र सदुपयोगमा सहयोग गर्न
६१. सिस्ने गाउँपालिकामा पर्या पर्यटनको महत्वप्रति जानकार रही संरक्षण, सम्बर्द्धन र सदुपयोगमा सहयोग गर्न
६२. सिस्ने गाउँपालिकाका युद्ध पर्यटनको महत्व खोज गरी संरक्षण र सम्बर्द्धन गर्न

(च) पेशा व्यवसाय:

६३. सिस्ने गा.पा. मा व्यावसायिक तरकारी खेतीको अवस्थाको जानकारी लिई उपयोग गर्न
६४. सिस्ने गाउँपालिकामा पशुपालन व्यवसायको अवस्था पहिल्याई उपयोगमा सहयोग गर्न
६५. सिस्ने गा.पा. मा व्यावसायिक माछापालनको सम्भावना खोज गरी व्यावसायिक कार्यमा सहयोग गर्न
६६. सिस्ने गा.पा. मा व्यावसायिक मौरी पालनको सम्भावना खोज गरी व्यावसायिक कार्यमा सहयोग गर्न
६७. सिस्ने गा.पा. का परम्परागत हस्तकला क्षेत्रहरु पहिचान गरी तिनीहरुको संरक्षण र सम्बर्द्धन गर्न

(छ) सामाजिक मूल्य र मान्यता:

६८. जीवन शैलीको परिचय दिन
६९. अनुशासनको महत्व बुझी अनुशासित जीवन जिउन
७०. शिष्ट एवं मर्यादित बोलिबचन गर्ने वानीको विकास गर्न

**६. विषयवस्तुको क्षेत्र र क्रम :**

| एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | अनुमाणित घण्टी |
|---|---|---|---|---|
| १. भौगोलिक अवस्था | १. सिस्ने गा.पा.को परिचय | १. सिस्ने गा.पा.को भौगोलिक अवस्थिति<br>२. सिस्ने गा.पा.को हावापानी | १. हाम्रो प्राकृतिक सम्पदा | |
| २. ऐतिहासिक पृष्ठभूमि | १. रुकुमकोटको परिचय<br>२. रुकुमकोटमा सदरमुकामको स्थापना<br>३. सदरमुकाम सम्बन्धी घटेका प्रमुख घटनाक्रमहरु | १. बोक्सेजारको परिचय<br>२. देउवर काजीको परिचय | १. द्वन्द<br>२. सिस्ने गा.पा.को जनयुद्दकालीन अवस्था<br>३. सिस्ने गा.पा.को जनयुद्दकालीन कम्युन तथा जनवादी शिक्षा | |
| ३. जनसङ्ख्या | १. जनसङ्ख्याको अवधारणा<br>२. सिस्ने गा.पा.को जनसङ्ख्याको अवस्था<br>३. सिस्ने गा.पा.को कूल जनसङ्ख्या | १. जनसङ्ख्या वितरणको अवधारणा<br>२. सिस्ने गा.पा.को वडागत जनसङ्ख्या र जनघनत्व | १. सिस्ने गा.पा.को जनसङ्ख्याको बनावट | |
| ४. संस्कृति | १. हाम्रो संस्कृति<br>क) संस्कृतिका प्रकारहरु<br>ख) सिस्ने गा.पा.मा गाइने प्रमुख गीतहरु<br>ग) सिस्ने गा.पा.मा नाचिने प्रमुख नाचहरु | १. बाजा<br>(क) गीत सङ्गीतमा बाजाको भूमिका<br>(ख) सिस्ने गा.पा.मा परम्परागत रुपमा बजाइने प्रमुख बाजाहरु<br>२. सिस्ने गा.पा.का प्रमुख भेषभूषाहरु<br>३. सिस्ने गा.पा.का प्रमुख खाना<br>४. सिस्ने गा.पा.का प्रमुख रितिरिवाजहरु | १. चाडपर्व तथा मेला<br>(क) सिस्ने गा.पा.मा मनाइने प्रमुख चाडपर्वहरु<br>(ख) सिस्ने गा.पा.मा मनाइने प्रमुख मेलाहरु<br>२. जातीय भेदभाव र वर्तमान अवस्था | |
| ५. पर्यटन | १. हाम्रो पर्यटन | १. पर्यटकीय स्थलहरुको परिचय | १. पर्यटनको महत्त्व | |

| | | | | |
|---|---|---|---|---|
| | २. सिस्ने गा.पा. का प्रमुख पर्या पर्यटकीय स्थलहरु | क) सिस्ने गा.पा. का पर्या पर्यटकीय क्षेत्रहरुको परिचय<br>ख) सिस्ने गा.पा. का धार्मिक पर्यटकीय क्षेत्रहरुको परिचय<br>ग) सिस्ने गा.पा. का युद्ध पर्यटकीय क्षेत्रहरुको परिचय | क) सिस्ने गा.पा. का धार्मिक पर्टनको संरक्षण र संवर्द्धन<br>ख) सिस्ने गा.पा. का पर्या पर्यटनको संरक्षण र संवर्द्धन<br>ग) सिस्ने गा.पा. का युद्ध पर्यटनको संरक्षण | |
| ६. पेशा व्यवसाय | १. पेशा व्यवसायको परिचय र अवधारणा<br>२. सिस्ने गा.पा.मा अपनाइने प्रमुख पेशा व्यवसायहरु<br>३. विशेष कृषि क्षेत्रको चिनारी<br>४. दलित समुदायको परम्परागत शिल्पकला | १. सिस्ने गा.पा.मा पेशाव्यवसायको रुपहरुमा व्यापार<br>२. सिस्ने गा.पा.मा कृषि (खाद्य तथा फलफूल) उत्पादन<br>५. सिस्ने गा.पा.मा व्यावसायिक रुपमा कुखुरा पालन | १. सिस्ने गा.पा.मा व्यावसायिक तरकारी खेति<br>२. सिस्ने गा.पा.मा पशुपालन<br>३. सिस्ने गा.पा.मा व्यावसायिक रुपमा माछापालन<br>४. सिस्ने गा.पा. मा पेशाव्यवसायको रुपहरुमा मौरी पालन<br>५. पेशाको रुपमा हस्तकला | |
| ७.सामाजिक मूल्य र मान्यता | १. हम्रो सामाजिक मूल्यमान्यता<br>(क) सिस्ने गा.पा.को सामाजिक मूल्यमान्यताको अवस्था<br>(ख) सिस्ने गा.पा.को सामाजिक मूल्यमान्यताहरु | १. सामाजिक मूल्यमान्यताहरु प्रति आदर र सद्भाव | १. हाम्रो जीवनशैली<br>२. अनुशासित जीवन<br>३. श्रमप्रति आस्था<br>४. शिष्ट एवं मर्यादित बोलिवचन | |

७. विषयवस्तुको विस्तृतीकरण: कक्षा ६

| क्षेत्र | सिकारइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमाणित घण्टी |
|---|---|---|---|---|---|
| **१.भौगोलिक अवस्था** | १. सिस्ने गाउँपालिकाका सीमानाहरु बताउन<br>२. वडा केन्द्रहरुको सूची बनाई वडाकेन्द्रको नाम वताउन<br>३. वडाका प्रमुख गाउँहरुको सूची बनाउन। | १. सिस्ने गा.पा.को परिचयः<br>- नाम र सिमानाहरु<br>- वडाको सङ्ख्या र वडा केन्द्रहरुको नाम<br>- वडाका प्रमुख गाउँहरु | १. सिस्ने गाउँपालिकाको नक्सा अध्ययन गर्न लगाउने र शिक्षक विद्यार्थीबीच छलफल गर्ने<br>२. गाउँपालिकाको नाम, वडाको सङ्ख्या, वडा केन्द्रहरुको नाम र सीमानाहरु प्रस्तुत गर्न लगाउने।<br>३. सिस्ने गा.पा.को प्रमुख गाउँहरुको सूचीचार्ट प्रस्तुत गरी प्रष्ट पार्ने। | १. हाम्रो गाउँपालिकाको सीमानाका गाउँपालिकाहरुको नाम लेख्नुहोस् ?<br>२. हाम्रो गाउँपालिकामा कतिओटा वडा छन् ? नाम लेख्नुहोस्।<br>३. सिस्ने गा.पा.का प्रमुख गाउँहरुको सूची बनाउनुहोस ? | १५ |
| **२.ऐतिहासिक पृष्ठभूमि** | १. रुकुमकोट परिचय दिन<br>२. रुकुमकोटमा सदरमुकाम स्थापनाको पृष्ठभूमि बताउन<br>३. रुकुमकोटमा सदरमुकाम पुनर्स्थापनाको पृष्ठभूमि बताउन<br>४. सदरमुकाम सम्बन्धी घटेका प्रमुख घटनाक्रमहरु बताउन | १. रुकुमकोट परिचय (भौगोलिक अवस्थिति, ५२ टाकुरी ५३ पोखरीको रुकुमकोट, जातजाति, सामान्य ऐतिहासिक परिचय आदि)<br>२. रुकुमकोटमा सदरमुकाम स्थापनाको | १. रुकुमकोटमा क्षेत्र भ्रमण गराएर रुकुमकोटको अवस्थाको बारेमा जानकारी दिने।<br>२. २०१८ सालमा जिल्ला सदुमुकाम स्थापना भएको र २०३० सालमा मुसिकोटमा सरेको कुरा छलफलका माध्यमबाट बताउने<br>३. फेरी नयाँ संरचनामा सदरमुकाम स्थापना भई सञ्चालनमा रहेको कुरा छलफलका माध्यमबाट स्पष्ट पार्ने। | १. रुकुमकोटमा कुन कुन जातिहरुको बसोवास रहेको छ ?<br>२. रुकुमकोटका प्रमुख गाउँहरुको नाम लेख्नुहोस्।<br>३. रुकुमकोटमा जिल्ला सदरमुकाम कहिले स्थापना भएको थियो ? | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पृष्ठभूमि (विगत र वर्तमान)<br>३. सदरमुकाम सम्बन्धी घटेका प्रमुख घटनाक्रमहरु (विगत र वर्तमान) | ४. साथै सदरमुकाम फिर्ता लिने नाममा पूर्वी रुकुमका जनता मुसिकोट गएको र गोलिकाण्ड भएको कुरा छलफल गरी बताउने । | ४. रुकुमकोटमा जिल्ला सदरमुकाम पुनर्स्थापना कहिले भयो ?<br>४. सदरमुकाम पुनर्स्थापनाका लागि घटेको एउटा प्रमुख घटना उल्लेख गर्नुहोस् । | |
| **३. जनसङ्ख्या** | १. जनसङ्ख्याको परिचय दिन<br>२. सिस्ने गा.पा.को जनसङ्ख्याको क्षेत्रगत विवरण वताउन<br>३. सिस्ने गा.पा.को महिला पुरुषको सङ्ख्या वताउन<br>४. सिस्ने गा.पा.को अपाङ्ग व्यक्तिहरुको सङ्ख्या वताउन | **१. हाम्रो जनसङ्ख्या:**<br>- जनसङ्ख्याको परिभाषा<br>- सिस्ने गा.पा.को क्षेत्रगत वितरण<br>- कूल जनसङ्ख्या<br>- महिला पुरुषको सङ्ख्या ।<br>- अपाङ्ग व्यक्तिहरुको सङ्ख्या | १. सिस्ने गा.पा.को जनसङ्ख्या विवरण चार्ट अध्ययन गराउने र छलफल गरी निष्कर्षमा पुग्ने<br>२. चार्ट अध्ययन गरी महिला तथा पुरुषको जनसङ्ख्या क्षेत्रगत रुपमा टिपोट गर्न लगाउने | १. जनसङ्ख्या भनेको के हो ?<br>२. सिस्ने गा.पा.को कूल जनसङ्ख्या कति छ ?<br>३. सिस्ने गा.पा.को महिला र पुरुषको जनसङ्ख्या कति कति छ ? | १५ |
| **४. संस्कृति** | १. संस्कृतिको परिचय दिन<br>२. संस्कृतिका प्रकारहरु बताउन<br>३. सिस्ने गा.पा. मा गाइने प्रमुख गीतहरुको सूची निर्माण गर्न | **१. हाम्रो संस्कृति:**<br>- संस्कृतिको परिचय<br>- संस्कृतिका प्रकारहरु<br>- सिस्ने गाउँपालिकामा परम्परागत रुपमा नाचिने नाच तथा गीतहरु (सिंगारु नृत्य तथा गीत, | १. संस्कृति भनेको के होला ? भनी प्रश्न गर्ने र छलफल सुरु गर्ने<br>२. विद्यार्थीहरुलाई भन्न लगाउने र शिक्षकले लेखनपाटीमा टिपोट गरी निष्कर्षमा पुग्ने<br>३. संस्कृतिका प्रकारहरुको चार्ट प्रस्तुत गर्ने र छलफल गराउने | १. संस्कृति भनेको के हो ? तिनीहरु कति प्रकारका हुन्छन् ।<br>२. लोक संस्कृति भनेको के हो ? | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४. सिस्ने गा.पा. मा गाइने प्रमुख गीतहरू गाउन<br>५. सिस्ने गा.पा. मा नाचिने प्रमुख नाचहरुको सूची निर्माण गर्न र नाच्न<br>६. हाम्रा परम्परागत रितिरिवाज (पर्मो जाने, गुहार जाने, जन्ति जाने, मलामी जाने, सुख-दुःखमा सहयोग गर्ने, सामूहिक पुजाआजा, वनजङ्गलको सामूहिक उपयोग, वर्षिको हाल्ने, बच्छे हाल्ने ) | पैसेरु नाच, मयुर नाच, ज्याउरे नाच तथा गीत, तिजको गीत र नाचहरु)<br>- सिस्ने गाउँपालिकामा परम्परागत रुपमा नाचिने नाच तथा गाइने गीतहरुको संरक्षण र तिनीहरुको अभ्यास | ४. आ-आफ्नो गाउँघरमा गाइने गीतहरु विद्यार्थीहरुलाई भन्न लगाउने र छलफल गराउने<br>५. आ-आफ्नो गाउँघरमा नाचिने नाचहरु विद्यार्थीहरुलाई भन्न लगाउने र छलफल गराउने<br>६. सिस्ने गा.पा. का नाच र गीतको सूची निर्माण गर्न लगाउने<br>७. सिस्ने गाउँपालिकाका परम्परागत रुपमा नाचिने नाच तथा गाइने गीतहरुको संरक्षणका उपायहरुको बारेमा छलफल गरी निष्कर्षमा पुग्ने । | ३. सिस्ने गा.पा. मा गाइने प्रमुख गीतहरुको सूची निर्माण गर्नुहोस् ।<br>४. सिस्ने गाउँपालिकामा परम्परागत रुपमा नाचिने नाचहरुको सूची निर्माण गर्नुहोस् ।<br>५. सिस्ने गाउँपालिकाका परम्परागत रुपमा नाचिने नाच तथा गाइने गीतहरु संरक्षणका उपायहरु लेख्नुहोस् । | |
| ५. पर्यटन | १. पर्यटनको परिचय दिन<br>२. सिस्ने गा.पा. का प्रमुख पर्यटकीय स्थलहरु वताउन<br>३. सिस्ने गा.पा. का पर्यटन क्षेत्रका प्रकारहरुको सूची निर्माण गर्न<br>४. सिस्ने गा.पा. का पर्यटकीय क्षेत्रहरुको महत्त्व बताउन | **१. हाम्रो पर्यटनः**<br>- पर्यटनको परिचय<br>- सिस्ने गा.पा. का प्रमुख पर्यटकीय स्थलहरु (सिस्ने हिमाल, सानोभेरी, कमलदह, देउराली गुफा, बराह मन्दिर, शिव मन्दिर, ठाँटीडाँडा-युद्ध स्थल, झुम्कामारे पार्क आदि) | १. प्रश्नोत्तर विधिबाट पर्यटनको परिचय स्पष्ट पार्न्<br>२. विद्यार्थीहरुलाई समूहमा विभाजन गरी सिस्ने गा.पा. का पर्यटन क्षेत्रका प्रकारहरुको चार्ट समूहमा अध्ययन गर्न लगाउने<br>३. तिम्रो गाउँमा के कस्ता पर्यटनका क्षेत्रहरु छन् भनी प्रश्न गर्ने र छलफल गरी निष्कर्षमा पुग्ने । | १. पर्यटन भनेको के हो ?<br>२. सिस्ने गापामा कति प्रकारका पर्यटकीय क्षेत्रहरु पाइन्छन् ? नाम लेख्नुहोस् ।<br>३. सिस्ने गा.पा. का पर्यटकीय क्षेत्रहरुको के महत्त्व छ ? बुँदागत रुपमा लेख्नुहोस् ।<br>४. पर्यटकीय क्षेत्रहरुको आर्थिक महत्त्वहरु लेख्नुहोस् । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - सिस्ने गा.पा. का पर्यटन क्षेत्रका प्रकारहरु (धार्मिक, पर्या र युद्ध पर्यटन)<br>- सिस्ने गा.पा. का पर्यटन क्षेत्रहरुको महत्त्व (आर्थिक, सामाजिक र धार्मिक) | ४. पर्यटकीय क्षेत्रहरुको महत्त्वहरु लेखिएको चार्टको प्रयोग गरी आर्थिक, सामाजिक र धार्मिक) महत्व स्पष्ट पार्ने । | | |
| ६. पेशा व्यवसाय | १. पेशा व्यवसायको परिचय दिन<br>२. सिस्ने गा.पा.का प्रमुख पेशा व्यवसायहरु बताउन<br>३. सिस्ने गा.पा.का विशेष कृषि पकेट क्षेत्रहरुको परिचय दिन<br>४. सिस्ने गा.पा.का दलित समुदायहरुको परम्परागत शिल्प कलाहरुको सूची बनाउन | **१. पेशा व्यवसायः**<br>- पेशा व्यवसायको परिचय<br>- सिस्ने गा.पा.मा गरिने प्रमुख पेशा व्यवसायहरु (कृषि, पशुपालन, व्यापार, सरकारी तथा गैरसरकारी सेवा)<br>- सिस्ने गा.पा.का विशेष कृषि पकेट क्षेत्रहरु (वडा नं १ स्याउ, ओखर र जडिबुटी, वडा नं २ स्याउ, ओखर र जडिबुटी र बाख्रापालन, वडा नं ३ र ४ मौरपालन र केरा खेति, वडा नं ५ को ह्याप्ला र | १. विद्यार्थीहरुलाई आ-आफ्नो घरका बाबु, आमा, दाजुभाइ आदिले गर्ने काम भन्न लगाउने र सेतोपाटीमा टिपोट गरी छलफल गर्ने<br>२. विद्यार्थीले भनेका कामका आधारमा पेशा व्यवसायको परिचय दिने ।<br>३. विशेष कृषिको क्षेत्रहरु ( विशेष कृषिजोन) को चार्ट प्रस्तुत गरी सिस्ने गा.पा.का विशेष कृषिको क्षेत्रहरुको परिचय दिने<br>४. विद्यार्थीहरुलाई दलित समुदायहरुको परम्परागत शिल्प कलाहरुको सूची चार्ट अध्ययन गर्न लगाउने र छलफल गरी थप स्पष्ट पार्ने । | १. पेशा व्यसायको भनेको के हो ?<br>२. सिस्ने गा.पा.मा गरिने प्रमुख पेशा व्यवसायहरु के के हुन् ?<br>३. सिस्ने गा.पा.का विशेष कृषिको क्षेत्रहरुको सूची निर्माण गर्नुहोस् ।<br>४. सिस्ने गा.पा.का दलित समुदायहरुको परम्परागत शिल्प कलाहरुको सूची बनाउनुहोस् ।<br>५. | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | चोतावारी सुन्तला कागति खेति, वडा नं ६ तरकारी खेति र भैसी पालन वडा नं ७ र ८ सुन्तला कागति र अलैची खेति)<br>- सिस्ने गा.पा.का दलित समुदायहरुको परम्परागत शिल्प कलाहरु (आरनमा गरिने कला, खलो प्रथामा गरिने सिलाई कटाई, मादल बनाउने कला, मुर्चुङ्गा बनाउने कला, घाँरो निर्माण कला, गरगहना बनाउने कला, छालाजुत्ता सिलाई कला, तामाका भाँडाकुडा बनाउने कला आदि) | | | |
| ७.सामाजिक मूल्य र मान्यता | १. सामाजिक मूल्य र मान्यताको परिचय दिन<br>२. सिस्ने गा.पा.को सामाजिक मूल्य र मान्यताको अवस्था बताउन। | **१. सामाजिक मूल्य र मान्यता:**<br>- सामाजिक मूल्य र मान्यताको परिचय | १. समाज भनेको के हो ? यसमा के कस्ता कुराहरु मान्य हुन्छन्, के कस्ता कुराहरुलाई नराम्रो मानिन्छ ? जस्ता प्रश्नहरु गरेर छलफल गर्ने र सामाजिक | १. सामाजिक मूल्य र मान्यता भनेको के हो ?<br>२. सिस्ने गा.पा.को सामाजिक मूल्य र मान्यताहरु के के हुन ? | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. सिस्ने गा.पा.का परम्परागत सामाजिक मूल्य र मान्यताको सूची निर्माण गर्न ।<br>४. परम्परागत सामाजिक मूल्य र मान्यताको महत्त्व बताउन | - सिस्ने गा.पा.को सामाजिक मूल्य र मान्यताको अवस्था (परम्परागत मूल्य र मान्यतामा ह्रास, पश्चिमीकरणको प्रभाव)<br>- सिस्ने गा.पा.को परम्परागत सामाजिक मूल्य र मान्यताहरु (ठूलाप्रति आदरभाव, सानाप्रति प्रेमभाव, अनुशासित जीवनयापन, श्रमप्रति आस्था शिष्ट एवं मर्यादित बोलीवचन)<br>- परम्परागत सामाजिक मूल्य र मान्यताको महत्त्व (सामाजिक सद्भाव, समाजिक शान्ति, सुखी र खुसी समाज, द्वन्दको न्यूनीकरण आदि ) | मूल्य र मान्यताको परिचय प्रस्ट्याउने ।<br>२. सिस्ने गा.पा.को सामाजिक मूल्य र मान्यताको बारेमा छलफल गरी यसको महत्त्व स्पष्ट पार्ने । | ३. सामाजिक मूल्य र मान्यताको के महत्त्व छ ? | |

**विषयवस्तुको विस्तृतीकरण: कक्षा ७**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार |
|---|---|---|---|---|---|
| **१. भौगोलिक अवस्था** | १. धरातलीय स्वरुपको परिचय दिन<br>२. सिस्ने गा.पा.को धरातलीय स्वरुप बताउन<br>३. सिस्ने गा.पा.को धरातलीय स्वरुपको प्रकार बताउन<br>४. हावापानीको परिचय दिन<br>५. सिस्ने गा.पा. का हावापानीका प्रकारहरु बताउन<br>६. सिस्ने गा.पा. का हावापानीका क्षेत्रहरु बताउन। | १. धरातलीय स्वरुप:<br>- परिचय<br>- सिस्ने गा.पा.को धरातलीय स्वरुप (हिमाल, पहाड ..)<br>- सिस्ने गा.पा.को धरातलीय स्वरुपको प्रकार<br>२. हावापानी:<br>- परिचय<br>- सिस्ने गा.पा. का हावापानीका प्रकारहरु (समशीतोष्ण, शीतोष्ण, …उचाई अनुसार फरक हावापानी) | १. विद्यार्थीसँग छलफल गरी धरातलीय स्वरुपको परिचय दिने<br>२. कक्षा कोठाबाट बाहिर ल्याई विद्यार्थीहरुलाई चारैतिरको धरातलीय स्वरुप अवलोकन गराई सिस्ने गा.पा.को धरातलीय स्वरुपको प्रकारका बारेमा छलफल गरी निष्कर्षमा पुग्ने<br>३. हावापानी भनेको के होला ? विद्यार्थीहरुलाई प्रश्न गर्ने र भन्न लगाउने<br>४. प्रश्नोत्तर विधिबाट सिस्ने गा.पा. का हावापानीका प्रकारहरु स्पष्ट पार्ने। | १. धरातलीय स्वरुप भनेको के हो ?<br>२. सिस्ने गा.पा.को धरातलीय स्वरुप बताउनुहोस्।<br>३. हावापानीको भनेको के हो ?<br>४. सिस्ने गा.पा. मा कुन कुन प्रकारहरुको हावापानी पाइन्छ ? | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. **ऐतिहासिक पृष्ठभूमि** | १. बोक्सेजारको परिचय दिन<br>२. बोक्सेजारको उदय र पतन बताउन<br>३. देउवर काजीको परिचय दिन | **१. बोक्सेजार:**<br>- मङ्गोलियन राजा बोक्सेजारको सामान्य परिचय<br>- उदय र पतन<br>- हालसम्म पुजाआजा<br>**२. देउवर काजी:**<br>- देउवर काजीको परिचय (गौतम पुत्र, राजाको काजी, सत्यवादी, निडर तथा बलवान)<br>- राजासँगको मनमुटाव तथा समाधि<br>- मन्दिर स्थापना र मन्दिरको हालको अवस्था | १. बोक्सेजारको एतिहासिक सुनाउने शिक्षक र विद्यार्थीबिच छलफल गर्ने,<br>२. बोक्सेजारको उदय र पतनबारे विद्यार्थीहरुलाई बुँदा टिपोट गराउने<br>३. शिक्षकले बोक्से जारकोबारेमा लेखिएको चार्ट प्रस्तुत गरी थप प्रष्ट पार्ने<br>४. देउवर काजीको बारेमा ऐतिहासिक कथा सुनाउने र प्रश्नोत्तर विधिबाट छलफल गर्ने<br>र देउवर काजीको परिचय दिने | १. बोक्से जार को थिए ?<br>२. बोक्से जारलाई कसले किन मारेका थिए ?<br>३. देउवर काजी को थिए ?<br>४. देउवर काजीले कुन ठाउँमा समाती लिएका थिए ? | १० |
| ३. **जनसङ्ख्या** | १. जनसङ्ख्या वितरणको परिचय दिन<br>२. सिस्ने गा.पा.का वडागत जनसङ्ख्या बताउन | **१. जनसङ्ख्या वितरण:**<br>- जनसङ्ख्या वितरणको परिचय | १. जनसङ्ख्या भनेको के हो ? जनसङ्ख्या वितरण भनेको के हो ? जस्ता प्रश्नहरुबाट छलफल सुरु गरी जनसङ्ख्या वितरणको परिचय दिने | १. जनसङ्ख्या वितरण भनेको के हो ?<br>२. सिस्ने गा.पा.को वडा नं १ को जनसङ्ख्या कति छ ? | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. सिस्ने गा.पा.का वडागत जनघनत्व उल्लेख गर्न | - सिस्ने गा.पा.का वडागत जनसङ्ख्या र जनघनत्व | २. वडागत जनसङ्ख्या विवरण तालिका अध्ययन गर्न लगाई बढी र कम जनसङ्ख्या भएका वडाहरु भन्न लगाउने। वडागत जनसङ्ख्या आ-आफ्नो कपीमा टिप्न लगाउने। | ३. सिस्ने गा.पा.को सबैभन्दा बढी जनघनत्व भएको वडा कुन हो ?<br>४. सिस्ने गा.पा.को सवैभन्दा कम जनघनत्व भएको वडा कुन हो ? | |
| **४. संस्कृति** | १. बाजाको परिचय दिन<br>२. गीत सङ्गीतमा बाजाको भूमिका बताउन<br>३. सिस्ने गा.पा.मा बजाइने बाजाहरुको सूची निर्माण गर्न<br>४. सिस्ने गा.पा.मा बजाइने बाजाहरु बजाउन<br>५. सिस्ने गा.पा.का परम्परागत भेषभूषाहरु परिचय दिन<br>६. सिस्ने गा.पा.का परम्परागत भेषभूषाहरुको सूची निर्माण गर्न<br>७. सिस्ने गा.पा.का लोपोन्मुख भेषभूषाहरु | **१. बाजाहरुः**<br>- बाजाको परिचय<br>- गीत सङ्गीतमा बाजाको भूमिका<br>- सिस्ने गा.पा.मा बजाइने बाजाहरु (पञ्चैबाजा, मादल, झ्याली, डौरी, पैजन, मुरली, डम्फू, आदि)<br>२. सिस्ने गा.पा.का परम्परागत भेषभूषाहरु (गुन्यू-चोली, धरो, घलेक, धरो-पटुका, पगरी, टोपी, पेटेभोटी, जाइकोट, भाङ्ग्रो, कपाले, स्थानीय छाला जुता आदि ) | १. हाम्रो गाउँघरमा बजाइने बाजाहरु देखेका छौ ? के–के देखेकाछौ भनी प्रश्नोत्तोर विधिबाट छलफललाई अघि बढाउने।<br>२. समूह विभाजन गरी बाजाहरुको सूची बनाउन लगाई प्रस्तुत गर्न लगाउने।<br>३. बाजाहरुको चित्र-चार्ट प्रस्तुत गरी थप स्पष्ट पार्ने।<br>४. सिस्ने गा.पा.का परम्परागत भेषभूषा लागाएका मानिसका चित्रहरु चार्ट देखाउने र छलफल गरी परम्परागत भेषभूषाहरुको सूची निर्माण गर्न लगाउने।<br>५. आजभोलि यस्ता भेषभूषाहरु किन नदेखिएका होलान भनी प्रश्न गर्ने र छलफल गरी यी भेषभूषाहरु लोप हुन लागेको कुरा प्रष्ट पार्ने | १. बाजा भनेको के हो ?<br>२. बाजाविनाको गीत संगीत कस्तो हन्छ ?<br>३. सिस्ने गा.पा.मा बजाइने बाजाहरुको सूची निर्माण गर्नुहोस्।<br>४. सिस्ने गा.पा.का परम्परागत भेषभूषाहरुको के के हुन् ? सूची निर्माण गर्नुहोस्।<br>५. सिस्ने गा.पा.का लोपोन्मुख भेषभूषाहरुको नाम लेख्नुहोस्।<br>६. सिस्ने गा.पा.का लोपोन्मुख भेषभूषाहरु संरक्षण गर्ने कुनै चारओटा उपायहरु लेख्नुहोस्। | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | संरक्षण गर्ने उपायहरु बताउन<br>८. सिस्ने गा.पा.मा परम्परागत खानाका प्रकारहरु बताउन<br>९. सिस्ने गा.पा.मा परम्परागत रुपमा खाइर्ने प्रकारहरुको सूची तयार गर्न<br>१०. परम्परागत खानाको महत्त्व बताउन। | ३. सिस्ने गा.पा.का लोपोन्मुख भेषभूषाहरु र संरक्षणका उपायहरु<br>४. सिस्ने गा.पा.का परम्परागत खानाका प्रकारहरु( रोटी, तरकारी, सिस्नो, ढिडो, विरौला, रागा, उमा, कोकल, भकम, सिरौला, खाजा, माछा, मासु, पाहा, दुध, दही आदि)<br>५. सिस्ने गा.पा.का परम्परागत खाना र त्यसको महत्त्व (स्वच्छ, स्वस्थ र पोषणयुक्त ) | ६. अव लोपोन्मुख भेषभूषाहरु कसरी संरक्षण गर्न सकिन्छ भनी प्रश्न गरी संरक्षणका उपायहरु खोजी गर्ने।<br>७. सिस्ने गा.पा.मा के कस्ता खानाहरु खाने गरिएको छ ? हामीले खाने गरेका खानाहरु के के हुन् ? जस्ता प्रश्नहरुको माध्यमबाट छलफल गरी खनाको सूची बनाउन लगाउने।<br>८. पहिलेका हाम्रा पुर्खाहरुले के खान्थे होला ? अहिलेको र पहिलेको खानामा हे फरक छ ? जस्ता प्रश्नहरुबाट छलफल गरी परम्परागत खानाको सूची बताउन लगाई प्रस्तुत गराउँने।<br>९. परम्परागत खानाको महत्त्व लेखिएको चार्ट अध्ययन गर्न लगाई छलफल गरी महत्त्व प्रष्ट पारिदिने। | ७. सिस्ने गा.पा.मा खाइने प्रमुख खानाहरु के के हुन् ? नाम लेख्नुहोस्।<br>८. सिस्ने गा.पा.मा परम्परागत रुपमा खाइने खानाहरु के के हुन् ? सूची बनाउनुहोस्।<br>९. परम्परागत खानाको महत्त्व के छ ? | |
| **६. पर्यटन** | १. पर्यटकीय स्थलहरुको परिचय दिन<br>२. सिस्ने गा.पा.का प्रमुख धार्मिक पर्यटकीय स्थलहरुको नाम बताउन | **१. सिस्ने गा.पा.का पर्यटकीय स्थलहरु:**<br>- सिस्ने गा.पा.का पर्यटकीय स्थलहरुको परिचय<br>- सिस्ने गा.पा.का प्रमुख धार्मिक पर्यटकीय स्थलहरु | १. स्वदेशी तथा विदेशीहरु हाम्रो गाउँघरमा घुम्न आएको कुराबाट छलफल सुरु गरी पर्यटन व्यवसायको परिचय स्पष्ट पार्ने।<br>२. हाम्रो सिस्ने गा.पा.मा यस्ता हेर्न वा घुम्न लायक धार्मिक पर्यटकीय | १. पर्यटन व्यवसाय भनेको के हो ?<br>२. सिस्ने गा.पा.का प्रमुख धार्मिक पर्यटकीय स्थलहरुको नाम लेख्नुहोस्। | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. सिस्ने गा.पा.का प्रमुख पर्या पर्यटकीय स्थलहरुको सूची निर्माण गर्न<br>४. पर्या पर्यटकीय स्थलहरुको महत्त्व बताउन<br>५. सिस्ने गा.पा.का प्रमुख युद्ध पर्यटकीय स्थलहरुको परिचय दिन | (शिवालय, वराहा मन्दिर, बागार मेला धामी नाच, देउवर काजीको समाधि, विन्ध्यावासिनी भगवतिको मन्दिर, अमलाचौर ब्रमा)<br>- सिस्ने गा.पा.का प्रमुख पर्यापर्यटकीय स्थलहरु (सिस्ने हिमाल, कमल ताल, सानो भेरी, गुप्ता दह, देउराली गुफा, मैनेरी, झुम्कामारे पार्क, दमिनीओडार, तातो पानी, कब्गार झरणा, भुत्तखोला झरणा, जामाखोला झरणा, लुस्पाधारा, नौधारी झरणा, )<br>५. सिस्ने गा.पा.का प्रमुख युद्ध पर्यटकीय स्थलहरु (ठाँटीडाँडा युद्धस्थल, लड्नेबाटो, गुरिल्ला पदमार्ग, छिपखोला आदि) | स्थलहरुको नाम बताउन लगाउने र सूची निर्माण गर्ने ।<br>३. सिस्ने गा.पा.का प्रमुख धार्मिक पर्यटकीय स्थलहरुको महत्त्व छलफल गरी स्पष्ट पार्ने ।<br>४. यस्तै प्रकारले पर्या पर्यटकीय स्थलहरु र युद्ध पर्यटकीय स्थलहरुको परिचय दिने र सूची निर्माण गर्ने<br>६. | ३. सिस्ने गा.पा.का पर्यापर्यटकीय स्थलहरुको सूची निर्माण गर्नुहोस् ।<br>४. युद्ध पर्यटन भनेको के हो ?<br>७. सिस्ने गा.पा.का युद्ध पर्यटकीय स्थलहरुको नाम लेख्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| **६. पेशा व्यवसाय** | १. व्यापारको परिचय दिन<br>२. सिस्ने गा.पा.का प्रमुख व्यापरिक केन्द्रहरुको सूची बनाउन<br>३. व्यापारको महत्त्व बताउन<br>४. सिस्ने गा.पा.मा खाद्य तथा फलफूल खेतिका लागि सम्भावित क्षेत्रहरु नाम बताउन<br>५. खाद्य तथा फलफूल खेतिका महत्त्व बताउन<br>६. कुखुरा पालन व्यवसायको परिचय दिन<br>७. कुखुरा पालन व्यवसायको महत्त्व बताउन<br>८. सिस्ने गा.पा. मा कुखुरा पालन व्यवसायका लागि सम्भावित क्षेत्रहरुको सूची बनाउन | **१. पेशा व्यवसायः**<br>(क) सिस्ने गा.पा.को पेशा व्यवसायको रुपमा व्यापार ( व्यापारको परिचय, महत्त्व, प्रमुख व्यापरिक केन्द्रहरु)<br>(ख) सिस्ने गा.पा.मा कृषि ( खाद्य तथा फलफूल खेतिका लागि सम्भावित क्षेत्रहरु, महत्त्व)<br>(ग) सिस्ने गा.पा.को पेशा व्यवसायको रुपमा कुखुरा पालन (परिचय, महत्त्व, सम्भावित क्षेत्रहरु) | १. तिम्रो बाबा आमा वा दाइले के काम गर्नुहुन्छ ? प्रश्नका माध्यमबाट छलफल गरी व्यापार पनि एउटा पेशा व्यवसाय हो भन्ने धारणा स्पष्ट पार्ने ।<br>२. व्यापार भनेको के हो, भन्ने प्रश्न गरी यसको परिचय प्रस्ट्याउने,<br>३. बढी व्यापार गर्ने सिस्ने गा.पा.का ठाउँहरु कहाँ कहाँ छन् ? प्रश्न गर्ने र TPS Technique प्रयोग गरी विद्यार्थीहरुलाई भन्न लगाउने र प्रमुख व्यापारिक केन्द्रहरुको सूची बनाउने<br>४. व्यापारबाट हुने फाइदा र वेफाइदाका बारेमा छलफल गरी यसको महत्त्व स्पष्ट पार्ने ।<br>५. यस्तै प्रकारले खाद्यान्न तथा फलफूल खेति र यसको महत्त्व स्पष्ट पार्ने<br>६. सिस्ने गा.पा.मा कृषि ( खाद्य तथा फलफूल) खेतिका लागि सम्भावित क्षेत्रहरु लेखिएको चार्ट प्रस्तुत गरी सूची निर्माण गर्ने । | १. पेशा व्यवसाय भनेको के हो ? उदाहरण सहित वर्णन गर्नुहोस् ।<br>२. व्यापार भनेको के हो ? यसको के महत्त्व छ ?<br>३. सिस्ने गा.पा.का प्रमुख व्यापारिक केन्द्रहरुको नाम लेख्नुहोस् ।<br>४. सिस्ने गा.पा.मा खाद्य तथा फलफूल खेतिका लागि सम्भावित क्षेत्रहरु नाम लेख्ननुहोस् ।<br>५. सिस्ने गा.पा. का लागि खाद्य तथा फलफूल खेतिको के महत्त्व छ ? बुँदागत रुपमा लेख्नुहोस् ।<br>६. कुखुरा पालन व्यवसाय भनेको के हो ?<br>७. यसको के महत्त्व छ ?<br>८. सिस्ने गा.पा. मा कुखुरा पालन व्यवसायका लागि सम्भावित क्षेत्रहरुको सूची बनाउनुहोस् । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ७. छलफल र प्रश्नोत्तर विधिबाट कुखुरा पालन व्यवसायको परिचय र महत्त्व प्रष्ट पार्ने ।<br>८. छलफल र प्रश्नोत्तर विधिबाट सिस्ने गा.पा. मा कुखुरा पालन व्यवसायका लागि सम्भावित क्षेत्रहरुको सूची निर्माण गर्ने । | | |
| **७. सामाजिक मूल्य र मान्यता** | १. सामाजिक मूल्य र मान्यताको अवधारणा बताउन<br>२. आदर र सद्भावको परिचय दिन<br>३. परम्परागत मूल्य र मान्यताप्रति परिचित भई आदर र सद्भाव गर्न | **१. सामाजिक मूल्य र मान्यता:**<br>- सामाजिक मूल्य र मान्यताको अवधारणा<br>- आदर र सद्भावको परिचय<br>- परम्परागत मूल्य र मान्यता | १. समाजमा के के कुराहरु गर्न वा भन्न हुन्छ र के के भन्न वा गर्न हुदैन भनी छलफल गर्ने र ती कुराहरु मूल्य र मान्यता भएको कुरा बताउने<br>२. ठूलालाई आदर र सानालाई माया गर्नुपर्ने कुरा उल्लेख गर्दै आदर र सद्भावको परिचय दिने<br>३. परापूर्वकाल देखि चलि आएका यस्ता मान्यताहरुलाई परम्परागत मूल्य र मान्यता भनीने र हामीले पनि पालना गर्नुपर्ने कुरा बताइदिने<br>४. आदर र सद्भावको अभ्यास गराउने । | १. सामाजिक मूल्य र मान्यता भनेको के हो ? उदाहरण सहित लेख्नुहोस् ।<br>२. आदर भनेको के हो ? हामीले कस कसलाई आदर गर्नुपर्छ ?<br>३. सद्भाव भनेको के हो ? कसले कसलाई सद्भाव राख्नु पर्छ ?<br>४. तपाईँ विद्यार्थीहरुले को कसलाई आदर र सद्भाव गर्नुपर्छ ?<br>५. आदर र सद्भाव अभ्यास गरारउने । | १२ |

**विषयवस्तुको विस्तृतीकरण: कक्षा ८**

| क्षेत्र | सिकारइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमाणित घण्टी |
|---|---|---|---|---|---|
| **१. भौगोलिक अवस्था** | १. वन जङ्गलको परिचय दिन<br>२. सिस्ने गा.पा.को वन जङ्गलको प्रकार बताउन<br>३. जडिबुटीको परिचय दिन<br>४. सिस्ने गा.पा.मा पाइने जडिबुटीको सूची बनाउन<br>५. सिस्ने गा.पा.का जडिबुटीको क्षेत्रहरु बताउन<br>६. सिस्ने गा.पा.का पशुपञ्छीको परिचय दिन | १. **हाम्रो प्राकृतिक सम्पदा**:<br>- परिचय<br>- सिस्ने गा.पा.को वनजङ्गल र यसका प्रकारहरु<br>- जडिबुटीको परिचय<br>- सिस्ने गा.पा.मा पाइने जडिबुटीहरु (चिराइतो, पाखनवेद, जीवनबुटी, पदमचाल, पाँचऔले आदि )<br>- सिस्ने गा.पा.का जडिबुटीको क्षेत्रहरु (सिस्ने पाटन, बुगेरी, जन्तिबस्ने धुरी, नाङनाको धुरी, नौधारी लेक, सिवाङ्ग्रे चयरी, कालो छरा, स्याम्जे जामाखोला, सानोलेक, लक्कुलाउने, ठूलोलेख, | १. विद्यार्थीहरुलाई कक्षाकोठा बाहिर लैजाने चारैतिर अवलोकन गर्न लागाउने र देखिने हरिया डाँडापाखाहरु वनजङ्गल भएको कुरा प्रष्ट पार्ने ।<br>२. कक्षा कोठामा आइसके पछि यस्ता वनजङ्गलमा के के पाइन्छन् भनी प्रश्न गर्ने र छलफल गरी जडिबुटी र पशुपञ्छीको बारेमा बताउने<br>३. सिस्ने गा.पा.का.मा यस्ता पशुपञ्छी र जडिबुटी कहाँ कहाँ पाइन्छन् भनी प्रश्न गर्ने र छलफल गरी सिस्ने गा.पा.का पशुपञ्छी र जडिबुटीका क्षेत्रहरु बताइदिने | १. वन जङ्गल भनेको के हो ?<br>२. सिस्ने गा.पा.मा कुन कुन प्रकारको वन जङ्गल पाइन्छ ?<br>३. जडिबुटीको भनेको के हो ?<br>४. सिस्ने गा.पा.मा पाइने जडिबुटीहरु सूची बनाउनुहोस् ।<br>५. सिस्ने गा.पा.मा पाइने जडिबुटीहरु नाम र ती जडिबुटीहरु पाइने स्थानको नाम तालिका बनाउनुहोस्<br>६. सिस्ने गा.पा.मा पाइने पशुपञ्छीहरुको नाम लेख्नुहोस् | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७. सिस्ने गा.पा.का पशुपञ्छीको क्षेत्रहरु बताउन<br>८. सिस्ने गा.पा.का खानीहरुको परिचय दिन | ठस्के, जागेथला, फूर्का धुरी, नौबैनी लेक, पाथी हाल्ने, स्यालापाखा आदि)<br>- सिस्ने गा.पा.का पशुपञ्छीको परिचय (कस्तुरी, झारल, घोरल, बँदेल, बाघ, थार, नाउर, रतुवा, दुम्सी, खरायो, भालु, बाँदर, गुना, स्याल, ओत, न्याउरी, मुसा, मुसा, ब्वासो, मलस्याप्रो, डाँफे, कालिज, भ्याकुर, न्याउली, तित्रा, सुगा, सिम्टालो, काग, गिद्द, तालचरी, बनहाँस, फक्रास, जलेवा,  जुरेली, ढुकुर, माल्वा, पिउरो, चिवे, भद्रो, फिस्टो,भङ्गेरो,  गौथली, आदि)<br>- सिस्ने गा.पा.का पशुपञ्छीको क्षेत्रहरु (सिस्ने, प्वाङ, पोखरा, रुकुमकोट स्यालापाखा) | | ७. सिस्ने गा.पा.का विभिन्न ठाउँहरु र त्यहाँ पाइने पशुपञ्छीको नाम तालिका बनाउनुहोस् ।<br>८. सिस्ने गा.पा.का खानीहरुको सूची बनाउनुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - सिस्ने गा.पा.का खानीहरु (काल्चेखानी तामाखानी, देउराली ओढार तामाखानी, सिसा खानी नाथिगार, तामेभिर तामाखानी, रङ्गिन पत्थर खानी सिस्ने, स्लेट ढुङ्गाखानी खोपिचार, कालोछरा स्लेट ढुङ्गाखानी, असारे चिउरी स्लेट ढुङ्गाखानी) | | | |
| **२. ऐतिहासिक पृष्ठभूमि** | १. द्वन्दको परिचय दिन<br>२. द्वन्दका प्रकारहरु उल्लेख गर्न<br>३. सिस्ने गा.पा.को जनयुद्दकालीन अवस्था बर्णन गर्न<br>४. सिस्ने गा.पा. का शहिदहरुको सूची निर्माण गर्न<br>५. कम्युनको परिचय दिन<br>६. जनयुद्दकालीन कम्यूनको परिचय बताउन | **१. द्वन्द**<br>(क) द्वन्दको परिचय<br>(ख) द्वन्दका प्रकारहरु<br>(ग) सिस्ने गा.पा.को जनयुद्दकालीन अवस्था<br>(घ) सिस्ने गा.पा.को जनयुद्दकालीन शहिद तथा पीडित पक्षहरु<br>(ङ) सिस्ने गा.पा.का जनयुद्दकालीन कम्युन र जनवादी शिक्षा | १. गाउँघरमा घटेका द्वन्दात्मक घटनाहरु प्रस्तुत गरी जनयुद्दकालीन अवस्थाको बारेमा छलफल गर्ने, द्वन्द र जनयुद्दको परिभाषा स्पष्ट पार्ने ।<br>२. द्वन्दले फाइदा हानी के गर्छ भनी प्रश्न गर्ने र फाइदा र हानीका उदाहरणहरु प्रस्तुत गरी द्वन्द सकात्मक र नकारात्मक दुवै हुने कुरा प्रष्ट पार्ने<br>३. जनयुद्दकालीन अवस्थामा घटेका महत्वपूर्ण घटना प्रस्तुत गरी छलफललाई अगाडी बढाउने साथै असल अभ्यासहरुका बारेमा छलफल गर्ने । | १. द्वन्द भनेको के हो ?<br>२. द्वन्द कति प्रकारका हुन्छन्?<br>३. सिस्ने गा.पा.को जनयुद्दकालीन अवस्था बर्णन गर्नुहोस् ।<br>४. सिस्ने गा.पा.का जनयुद्दकालमा भएका शहिदहरुको सूची निर्माण गर्नुहोस् ।<br>५. कम्यून भनेको के हो ?<br>६. जनयुद्दकालीन कम्यूनको परिचय दिनुहोस् । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७. सिस्ने गा.पा.का जनवादी विद्यालयको अवस्था वर्णन गर्न<br>८. सिस्ने गा.पा.का जनवादी विद्यालयले खेलेको भूमिका बताउन | (च) सिस्ने गा.पा.का जनवादी विद्यालयले खेलेको भूमिका | ४. विद्यार्थीले सुनेका जनयुद्दकालीन घटनाहरु भन्न लगाउने र जनयुद्दकालीन अवस्थाको बारेमा शिक्षकले बताइदिने<br>५. कम्यून भनेको के होला ? प्रश्न गर्ने र विद्यार्थीहरुबाट जवाफ लिने, विद्यार्थीहरुको जवाफलाई समेट्दै कम्युनको परिचय दिने<br>४. जनयुद्दकालमा सिस्ने गा.पा.का जनवादी विद्यालय भएको कुरा उल्लेख गर्दै यसको अवस्था वताइदिने र यसले खेलेको भूमिका बताउने। | ७. सिस्ने गा.पा.का जनवादी विद्यालयको अवस्था वर्णन गर्नुहोस्।<br>८. सिस्ने गा.पा.का जनवादी विद्यालयले खेलेको भूमिका उल्लेख गर्नुहोस्। | |
| **३. जनसङ्ख्या** | १. जनसङ्ख्याको परिचय दिन<br>२. सिस्ने गा.पा.को जनसङ्ख्याको क्षेत्रगत विवरण वताउन<br>३. सिस्ने गा.पा.को जातिगत जनसङ्ख्या विवरण चार्ट बनाउन<br>४. सिस्ने गा.पा.को धार्मिक जनसङ्ख्या सूची बनाउन। | **१.सिस्ने गा.पा.को जनसङ्ख्या बनावट:**<br>(क)जनसङ्ख्याको परिभाषा<br>(ख)सिस्ने गा.पा.को कूल जनसङ्ख्या<br>(ग) महिला पुरुषको सङ्ख्या<br>(घ) सिस्ने गा.पा.को जातिगत जनसङ्ख्या।<br>(ङ) सिस्ने गा.पा.को धार्मिक जनसङ्ख्या | १. सिस्ने गा.पा.को जनसङ्ख्या विवरण चार्ट अध्ययन गराउने र छलफल गरी निष्कर्षमा पुग्ने<br>२. चार्ट अध्ययन गरी महिला तथा पुरुषको जनसङ्ख्या क्षेत्रगत रुपमा टिपोट गर्न लगाउने<br>३. विद्यार्थीहरुलाई समूहमा विभाजन गरी सिस्ने गा.पा.को जातिगत जनसङ्ख्या विवरण चार्ट अध्ययन गराउने र छलफल गरी प्रस्तुत गर्न लगाउने।<br>४. यस्तै प्रकारले धार्मिक जनसङ्ख्या | १. जनसङ्ख्या भनेको के हो ?<br>२. सिस्ने गा.पा.को कूल जनसङ्ख्या कति छ ?<br>३. सिस्ने गा.पा.को महिला र पुरुषको जनसङ्ख्या कति कति छ ?<br>४. सिस्ने गा.पा.को जातिगत जनसङ्ख्या विवरण चार्ट बनाउनुहोस्।<br>५. सिस्ने गा.पा.को धार्मिक जनसङ्ख्या विवरण चार्ट बनाउनुहोस्। | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. संस्कृति | १. चाडपर्व र मेलाको परिचय दिन<br>२. सिस्ने गा.पा.मा मनाइने प्रमुख चाडपर्वहरुको सूची निर्माण गर्न<br>३. सिस्ने गा.पा.मा मनाइने प्रमुख मेलाहरुको परिचय दिन<br>५. मेलाबाट सभ्य तरिकाले मनोरञ्जन लिने उपायहरु पहिचान गरी त्यसलाई अवलम्वन गर्न | **१. चाडपर्व र मेलाः**<br>(क) चाडपर्व र मेलाको परिचय<br>(ख) सिस्ने गा.पा.मा मनाइने प्रमुख चाडपर्वहरु (भूमे नाच, राँके रङ्क्रान्ति, घिया सङ्क्रन्ति, तिज, पञ्चमी, भदौरे पूर्णिमा, दशैं, तिहार, कात्तिके पूर्णिमा, मङ्सिरे पूर्णिमा), पुस पन्ध्र, माघे सङ्क्रन्ति, चैतेदशैं)<br>(ग) सिस्ने गा.पा.मा मनाइने प्रमुख मेलाहरु (नाथीगार मेला, अमलाचौर मेला, पाँचपुनी मेला, वागार तिर्थ स्थल मेला, बाउवाङ मेला, सानी डिग्रे, द्वारे मेला, भदौरे पूर्णि मेला) | १. तपाइहरुले के के चाडपर्व र मेला मनाउने गर्नु भएको छ ? भनी प्रश्न गर्ने र केही चाडहरु र मेलाहरुको नाम भन्न लगाउने<br>२. यसैका आधारमा चाडपर्व र मेलाको परिचय दिने ।<br>३. सिस्ने गा.पा.मा मनाइने प्रमुख चाडपर्वहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने<br>४. सिस्ने गा.पा.मा मनाइने प्रमुख मेलाहरुको चार्ट प्रस्तुत गरी छलफल गर्ने र मेलाको बारेमा स्पष्ट पार्ने ।<br>५. साथै मेलाबाट सभ्य तरिकाले मनोरञ्जन लिनुपर्ने र यसका लागि विभिन्न उपायहरु अपनाउनु पर्ने कुरा बताउने । | १. चाडपर्व भनेको के हो ?<br>२. सिस्ने गा.पा.मा मनाइने प्रमुख चाडपर्वहरुको सूची निर्माण गर्नुहोस् ।<br>३. तिहार कसरी मनाइन्छ ?<br>४. सिस्ने गा.पा.मा मनाइने प्रमुख मेलाहरु के के हुन् ?<br>५. मेलाका विकृतिहरु के के हुन् ?<br>६. मेलालाई सभ्य तरिकाले उपयोग गर्ने तरिकाहरु उल्लेख गर्नुहोस् । | १८ |
| ५. पर्यटन | १. पर्यटनको महत्व बताउन | **१. पर्यटनको महत्वः** | १. मानिसहरुले पर्यटकीय क्षेत्रहरुको अवलोकन/भ्रमण किन गर्छन् होला, यसबाट के फाइदा हुन्छ भनी प्रश्न गर्ने र | १. पर्यटनको के महत्त्व छ ? बुँदागत रुपमा लेख्नुहोस् । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. सिस्ने गा.पा.का धार्मिक पर्यटकीय क्षेत्रहरुको महत्व बताउन<br>३. सिस्ने गा.पा.का धार्मिक पर्यटकीय क्षेत्रहरुको संरक्षणका उपायहरु उल्लेख गर्न<br>४. सिस्ने गा.पा.का पर्या पर्यटकीय स्थलहरुको महत्व बताउन<br>५. सिस्ने गा.पा.का पर्या पर्यटकीय स्थलहरुको संरक्षणका उपायहरु उल्लेख गर्न<br>६. सिस्ने गा.पा.का  युद्ध पर्यटकीय स्थलहरुको महत्व र संरक्षणका उपायहरु बताउन | (क) सिस्ने गा.पा.का धार्मिक पर्यटकीय क्षेत्रहरुको महत्त्व तथा संरक्षणका उपायहरु<br>(ख) सिस्ने गा.पा.का पर्या पर्यटकीय स्थलहरुको महत्त्व तथा संरक्षणका उपायहरु<br>(ग) सिस्ने गा.पा.का  युद्ध पर्यटकीय स्थलहरुको महत्व र संरक्षणका उपायहरु | छलफल गरी पर्यटनको महत्वलाई बुँदागत रुपमा सूचीवद्ध गर्ने ।<br>२. सिस्ने गा.पा.का धार्मिक पर्यटकीय क्षेत्रहरुको कुन कुन हुन् र तिनीहरुको के महत्त्व छ ? भनी प्रश्न गर्ने, छलफल गरी महत्त्व स्पष्ट पार्ने ।<br>३. सिस्ने गा.पा.का धार्मिक पर्यटकीय क्षेत्रहरुको संरक्षणका लागि के गर्न सकिन्छ भनी प्रश्न गर्ने, विद्यार्थीहरुलाई भन्न लागाउने र शिक्षकले लेखनपाटीमा टिप्दै जाने,<br>४. विद्यार्थीका भनेका कुराहरुलाई सपोर्ट गर्दै थप संरक्षणका उपायहरु शिक्षकले बताउने ।<br>५. यस्तै प्रकारले छलफल विधिबाट पर्या पर्यटकीय क्षेत्रको महत्त्व र संरक्षणका उपायहरु सूची निर्माण गर्ने ।<br>६. सिस्ने गा.पा.का युद्ध पर्यटकीय स्थलहरुको महत्त्व लेखिएको चार्ट विद्यार्थीहरुलाई अध्ययन गर्न लागाउने र छलफल गरी निष्कर्षमा पुग्ने ।<br>७. सिस्ने गा.पा.का  युद्ध पर्यटकीय स्थलहरुको संरक्षण गर्न के गर्नु पर्ला ? | २. सिस्ने गा.पा.का धार्मिक पर्यटकीय क्षेत्रहरु उल्लेख गरी तिनीहरुको महत्व लेख्नुहोस् ।<br>३. सिस्ने गा.पा.का धार्मिक पर्यटकीय क्षेत्रहरुको संरक्षण गर्न के गर्नुपर्ला ? संरक्षणका उपायहरुको सूची निर्माण गर्नुहोस् ।<br>४. सिस्ने गा.पा.का पर्या पर्यटकीय स्थलहरुको के महत्व छ ?<br>५. सिस्ने गा.पा.का पर्या पर्यटकीय स्थलहरुको संरक्षणका उपायहरु लेख्नुहोस् ।<br>६. सिस्ने गा.पा.का युद्ध पर्यटकीय स्थलहरुको महत्व र संरक्षणका उपायहरु लेख्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | संरक्षणका उपायहरु समूहमा छलफल गरी भन्न लगाउने ।<br>८. विद्यार्थीले भनेका कुराहरुलाई समर्थन गर्दै थप कुरा शिक्षकले बताउने । | | |
| **६. पेशा व्यवसाय** | १. व्यावसायिक तरकारी खेतिको परिचय दिन<br>२. सिस्ने गा.पा.का प्रमुख तरकारी खेतिहरु बनाउन<br>३. सिस्ने गा.पा.मा व्यावसायिक तरकारी खेतिको महत्त्व र सम्भावना बनाउन<br>४. सिस्ने गा.पा.मा पशुपालन व्यवसायको सम्भाव्यता र महत्त्व बताउन<br>५. मौरी पालन व्यवसायको परिचय दिन<br>६. सिस्ने गा.पा.मा मौरी पालन व्यवसाय | **१. हाम्रा व्यवसायहरुः**<br>क) व्यावसायिक तरकारी खेतिको परिचय<br>ख) सिस्ने गा.पा.मा खेति गरिने तरकारीहरु (आलु, प्याज, मूला, काउली, बन्दा, सिमी, बोडी आदि)<br>ग) सिस्ने गा.पा.का तरकारी खेतिका लागि सम्भावित क्षेत्रहरु (स्यालापाखा, पाङा, पोखरा, अमलाचौर आदि)<br>घ) सिस्ने गा.पा.मा पशुपालन व्यवसाय (परिचय, महत्त्व र सम्भावित क्षेत्रहरु)<br>ङ) सिस्ने गा.पा.मा मौरी पालन व्यवसाय<br>(परिचय, महत्त्व र सम्भावित क्षेत्रहरु) | १. हाम्रो गाउँघरमा धेरै मात्रामा तरकारी खेति गरेको देखेका छौ ? भनी प्रश्न गर्ने र केही विद्यार्थीलाई भन्न लगाउने ।<br>२. तिनीहरुले अन्नबाली नलगाएर तरकारी मात्र किन लगाएका होलान ? त्यति धेरै तरकारी के गर्छन् होला ? आदि प्रश्नहरुको माध्यमबाट छलफल गरी व्यावसायिक तरकारी खेतिको परिचय दिने ।<br>३. प्रत्येक विद्यार्थीहरुलाई हाम्रो गाउँघरमा खेति गरिने तरकारीका नाम भन्न लगाउने<br>४. शिक्षकले लेखनपाटीमा टिप्ने र थप तरकारीका नाम बताएर सिस्ने गा.पा.मा गरिने प्रमुख तरकारी खेतिको प्रकार स्पष्ट पार्ने ।<br>५. प्रश्नोत्तर र छलफलबाट सिस्ने गा.पा.मा व्यावसायिक तरकारी खेतिको महत्त्व प्रष्ट पार्ने । | १. व्यावसायिक तरकारी खेति भनेको के हो ?<br>२. सिस्ने गा.पा.का तरकारी खेतिको प्रकारका तरकारी खेति गरिन्छ ? सूची बनाउनुहोस् ।<br>३. सिस्ने गा.पा.मा व्यावसायिक तरकारी खेतिको के महत्त्व छ ?<br>४. सिस्ने गा.पा.का तरकारी खेतिका लागि सम्भावित क्षेत्रहरुको नाम बताउनुहोस् ।<br>५. पशुपालन व्यवसाय भनेको के हो ? यसको के महत्त्व छ ?<br>६. सिस्ने गा.पा.मा पशुपालन व्यवसायका लागि सम्भावित | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | महत्त्व र सम्भावित क्षेत्रहरु बताउन<br>७. माछा पालन व्यवसायको परिचय र महत्त्व बताउन<br>८. सिस्ने गा.पा.मा माछा पालन व्यवसायका लागि सम्भावित क्षेत्रहरुको सूची बनाउन<br>९. हस्तकलाको परिचय, प्रकार र महत्त्व बताउन<br>१०. सिस्ने गा.पा.मा हस्तकलाको क्षेत्रहरु उल्लेख गर्न | क) माछापालन व्यवसाय र महत्त्व<br>ख) सिस्ने गा.पा.मा माछापालन व्यवसायको सम्भावन (बजारमा माछाको माग तथा बजार व्यवस्था र माछा पालनका लागि उपयुक्त क्षेत्र तथा पूर्वाधारहरु)<br>ग) माछा पालन व्यवसायका लागि उपयुक्त क्षेत्रहरु (प्वाङ, अमलाचौर, पोखरा, स्यालापाखा, नाथीगार खोपिचार आदि)<br>घ) हस्तकलाको परिचय र महत्त्व सिस्ने गा.पा.का हस्तकलाको क्षेत्रहरु ( चोयाबाट बन्ने सामग्रीहरु जस्तैः डोको, सुपा-नाङला, मान्द्रो, डालो, ठुइलो, पेरुङ्गो, डालो, झर्नो आदि, काठबाट बन्ने सामग्रीहरु: ठेकी, खिर्या, मधानी, हलो, जुवा, खुर्पेटो, | ६. पशुपालन भनेको के हो ? यसको के महत्त्व छ ? भनी प्रश्न गर्ने र छलफल गरी पशुपालनको परिचय र महत्त्व प्रष्ट पार्ने ।<br>७. सिस्ने गा.पा.मा पशुपालन व्यवसायका लागि सम्भाव्य क्षेत्रहरुको सूची देखाई सम्भाव्य क्षेत्रहरुको सूची निर्माण गर्ने ।<br>८. हाम्रो गाउँघरमा गरेको मह किनबेच गरेको कुराबाट छलफल गरी सिस्ने गा.पा.मा व्यावसायिक मौरी पालनको अवस्था र सम्भावनाहरु उल्लेख गर्ने ।<br>९. माछा पालन व्यवसाय भनेको के हो ? प्रश्नहरु गर्ने र छलफल गरी माछा पालन व्यवसायको परिचय स्पष्ट पार्ने ।<br>१०. यसको के महत्त्व छ ? माछापालन व्यावसायका लागि कस्तो ठाउँ उपयुक्त हुन्छ ? यसका पूर्वाधारहरु के के हुन् ? आदि प्रश्नहरु गर्ने र छलफल गरी महत्त्व, माछापालन व्यावसाका लागि उपयुक्त ठाउँ यसका लागि पूर्वाधारहरु क्रमश: प्रष्ट पार्दै जाने ।<br>११. सिस्ने गा.पा.मा माछा पालन व्यवसायका लागि सम्भावित क्षेत्रहरुको | क्षेत्रहरुको सूची निर्माण गर्नुहोस् ।<br>७. सिस्ने गा.पा.मा व्यावसायिक मौरी पालनको अवस्था कस्तो छ ?<br>८. सिस्ने गा.पा.मा व्यावसायिक मौरीका सम्भावित क्षेत्रहरुको नाम लेख्नुहोस् ।<br>९. माछा पालन व्यवसाय भनेको के हो यसको के महत्त्व छ ?<br>१०. माछा पालन व्यवसायका लागि कस्तो ठाउँ उपयुक्त हुन्छ ? यसका पूर्वाधारहरु के के हुन् ?<br>११. सिस्ने गा.पा.मा माछापालन व्यवसायको सम्भावन कस्तो छ ?<br>१२. सिस्ने गा.पा.मा माछापालन व्यवसायको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आदि, अल्लोबाट बन्ने सामग्रीहरु: धागो, बोद्लो, थैला, जाबो, कोट, खादी, दाम्लो, नाम्लो आदि ) | सूची बनाउन लगाउने र आवश्यकता भए शिक्षकले बताउने ।<br>१२. विद्यार्थीहरुलाई मानिसको हातले बनाएका सामग्रीहरुको नाम भन्न लगाउने र शिक्षकले लेखनपाटीमा टिप्दै जाने ।<br>१३. छलफल गरी हस्तकलाको परिचय र महत्त्व बताउने ।<br>छलफलबाटै सिस्ने गा.पा.मा हस्तकलाको क्षेत्रहरु उल्लेख गर्ने । | लागि उपयुक्त क्षेत्रहरुको सूची निर्माण गर्नुहोस् ।<br>१३. हस्तकलाको भनेको के हो ? उदाहरण सहित स्पष्ट पार्नुहोस् ।<br>१४. हस्तकला कति प्रकारका हुन्छन् ? नाम लेख्नुहोस् ।<br>१५. हस्तकलाको महत्त्व बुँदागत रुपमा लेख्नुहोस् । | |
| **७. सामाजिक मूल्य र मान्यता** | १. जीवन शैलीको परिचय दिन<br>२. अनुशासित जीवनको परिचय र महत्व बताउन<br>३. श्रमको परिचय र महत्त्व बताउन<br>४. शिष्ट एवं मर्यादित बोलीबचनको परिचय र महत्त्व बताउन | **१. हाम्रो जीवन शैली:**<br>क) जीवन शैलीको परिचय (विभिन्न प्रकारका जीवन शैलीहरु)<br>ख) अनुशासित जीवनको परिचय(सामाजिक मूल्य र मान्यता अनुरुप चलेको जीवन) र महत्व (मानसम्मान, सरल र सहजता, खुसी र सुखीपन ) | १. गाउँका मानिसले कसरी जीवन बिताईरहेका हुन्छन् ? शहरिया मानिसको जीवन शैली कस्तो हुन्छ ? सक्रिय जीवन शैली, निश्क्रिय जीवन शैली, अनुशासित जीवन शैली आदिको बारेमा छलफल गरी जीवन शैलीको परिचय दिने ।<br>२. अनुशासन भनेको के हो? भनी प्रश्न गर्ने र छलफल गरी सामाजिक मूल्य र मान्यता अनुरुप चलेको जीवन नै | १. जीवन शैलीको भनेको के हो ?<br>२. अनुशासित जीवन केलाई भनीन्छ ?<br>३. अनुशासित जीवनको के महत्व छ ?<br>४. श्रम भनेको के हो ?<br>५. श्रम के महत्त्व छ ?<br>६. शिष्ट एवं मर्यादित बोलीबचन भनेको के हो ? | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ग) श्रमको परिचय र महत्त्व<br>घ) शिष्ट एवं मर्यादित बोलीबचनको परिचय र महत्त्व नैतिक आचरण परिचय र महत्त्व | अनुशासित जीवन हो भन्ने निष्कर्षमा पुग्ने ।<br>३. मानिस अनुशासनमा रहेमा के फाइदा हुन्छ ? भनी प्रश्न गर्ने र छलफल गरी अनुशासित जीवनको  महत्व स्पष्ट पार्ने ।<br>४. श्रम के हो, यसको के महत्त्व छ ? प्रश्नहरुबाट छलफल गरी श्रमको परिचय र महत्त्व बताउने ।<br>५. कस्तो बोलीलाई शिष्ट एवं मर्यादित बोलीबचन भनिन्छ भनी छलफल गरी शिष्ट एवं मर्यादित बोलीबचनको परिचय दिने ।<br>६. शिष्ट एवं मर्यादित बोलीबचनको र महत्त्व छलफलबाटै स्पष्ट पार्ने । | ७. शिष्ट एवं मर्यादित बोलीबचनको महत्त्व उल्लेख गर्नुहोस् । | |

## ८. स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया:

प्रभावकारी कार्यान्यिनबाट लक्षित उद्देश्य प्राप्ति भएपछि मात्र पाठ्क्रम निर्माणले पूर्णता प्राप्त गर्छ । प्रभावकारी कार्यान्यिनका लागि यसका निश्चित तौरतरिका र प्रक्रिया हुन्छन् । यस खण्डमा स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया, सिकाइ/सहजीकरण प्रक्रिया र स्रोत साधन परिचालन गर्ने तरिका उल्लेख छ ।

स्थानीय आवश्यकतालाई दृष्टिगत गरी स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग गरेर तयार गरिने हुनाले स्थानीय पाठ्यक्रम कार्यान्यिन सहजै गर्न सकिन्छ । पाठ्यक्रम तयार भएपछि पाठ्यपुस्तक उपलब्ध नभएको अवस्थामा पनि विद्यार्थी, शिक्षकलगायत सम्पूर्ण सरोकारवालाको संयुक्त प्रयासबाट पाठ्यक्रम कार्यान्यिन सजिलै गर्न सकिन्छ । विद्यार्थीले प्रत्यक्ष क्रियाकलापमा संलग्न भएर वा जानकार व्यक्ति वा स्रोत व्यक्तिसँग छलफल गरेर पाठ्यक्रका निर्धारित ज्ञान, सिप र अभिवृत्ति हासिल गर्न सक्छन् ।

स्थानीय विषयवस्तु शिक्षणका लागि स्थानीय तहमै रहेका अनुभवी किसान, अगुवा किसान, व्यक्ति, विशेषज्ञ वा प्राविधिकको सहयोग लिन सकिन्छ । विद्यार्थीहरुलाई सम्बन्धित क्षेत्रमा लगेर विभिन्न वस्तु वा प्रक्रियाको अवलोकन गराएर वा सम्बन्धित विषयवस्तुमा मेलखाने प्रयोग गराएर शिक्षण गर्न सकिन्छ । विद्यार्थीलाई अभ्यास र प्रयोगात्मक कार्य गराएमा विषयवस्तु सजिलै स्पष्ट हुन सक्छ ।

स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि सामान्यतया एउटा पूर्ण पाठ्यपुस्तक विकास गरी पाठ्यपुस्तकका आधारमा सिकाइ क्रियाकलाप सञ्चालन गर्ने वा विद्यार्थीलाई त्यो पाठ्यपुस्तकमा आश्रित गर्नु उपयुक्त हुदैन । विषयवस्तुको प्रकृति अनसार केही सन्दर्भ सामग्री विकास गर्न र विषयवस्तु अनुसार विभिन्न शिक्षकले वर्कसिट तथा कार्यपत्र तयार गरी विद्यार्थीलाई कार्यमा सरिक गराउन सक्दछन् । तर स्थानीय विषयका रुपमा समावेश हुने मातृभाषामा भने पाठ्यपुस्तक वा कार्यपुस्तक विकास गर्नु उपयुक्त हुने देखिन्छ । पाठ्यपुस्तक विकास सम्बन्धमा पछिल्लो खण्डमा चर्चा गरिएको छ ।

**साभार: स्थानीय पाठ्क्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६**

## ९ . सिकाइ सहजीकरुण प्रक्रिया:

विषयवस्तुको प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापको आवश्यकता पर्दछ । स्थानीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि निम्नानुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी विद्यार्थी सहजीकरण गर्न सकिन्छ ।

**छलफल:**

विभिन्न विषयमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो त्यसको पूर्व तयारी गरेर छलफल सञ्चालन गर्नुपर्दछ । निरन्तर, सक्रिय र उच्च सहभागिताबाट नै छलफललाई प्रभावकारि बनाउन सकिन्छ । उदाहरणका लागि करेसाबारीमा उत्पादन गरिने तरकारीका बारेमा निम्नलिखित बुँदामा छलफल गर्न सकिन्छ :

(क) तरकारीको रुप रङ्ग

(ख)तरकारी फल्ने समय

(ग) खाइने भाग

(घ) खाने तरिका

(ङ) यसबाट हुने फाइदा

त्यस्तै कुनै धार्मिक स्थलको बारेमा छलफल गर्न देहायबमोजिमका बुँदा उपयोगी हुन सक्छन् :

(क) धार्मिक स्थलको नाम

(ख) स्थापना गर्ने व्यक्ति र समय

(ग) धार्मिक स्थलबारेको जनश्रुति

(घ) पूजा/प्रार्थना विधि

(ङ) धार्मिक स्थलमा हुने क्रियाकलाप

(च) धार्मिक स्थलको विकास र संरक्षण लगायत

यसरी करेसाबारीका बरेमा छलफल गर्दा अनुभवी किसान तथा कृषि प्राविधिक,धार्मिक स्थलका बारेमा छलफल गर्दा पूजाआजा कार्य गर्ने व्यक्ति तथा स्थानीय ज्येष्ठ नागरिकलाई बोलाएर वा सम्बन्धित ठाउँमै भेटेर गर्नु राम्रो हुन्छ । सम्भव भएसम्म आवश्यक सामग्री वा वस्तुको प्रदर्शन गरी विद्यार्थीलाई आलोपालो बोल्न पनि लगाउनुपर्छ ।

**प्रदर्शन :** शिक्षक, विद्यार्थी र सरोकारवालाबाट विभिन्न सामाग्री सङ्कलन गरेर, विभिन्न कृषि मेला, उद्योग मेला, साँस्कृतिक पर्व आदिमा सहभागी भई गरिएको प्रदर्शन अवलोकन गर्ने, त्यसबारेमा छलफल गर्ने जस्ता क्रियाकलाप गर्न सकिन्छ । त्यसै गरी कक्षा कोठामा यस्ता सामग्री वा क्रियाकलापको प्रदर्शन गर्न सकिन्छ

**अवलोकन भ्रमण र अभ्यास:**

विद्यार्थीलाई विभिन्न कुराको अवलोकन, भ्रमण र अभ्यासमा सहभागी गराउनुपर्छ ।

**परियोजना कार्य:**

अभ्यासकै महत्त्वपूर्ण अङ्गका रुपमा हिजोआज परियोजना कार्य गर्ने गराउने गरिन्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नुपर्छ । त्यस्तो खाका बनाउँदा के गर्ने, किन गर्ने, कसरी गर्ने, कसले गर्ने, खर्च कति

लाग्ने जस्ता कुरा पहिले नै सोच्नुपर्छ । गरेर सिक्ने कार्यलाई यो विधिले जोड दिएको हुन्छ । परियोजना कार्य गर्दा विद्यार्थीहरुले विद्यालय वा घरमा बसेर गरेर सिक्ने अवसरको सिर्जना गर्नुपर्छ ।

**साभार: स्थानीय पाठ्क्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६**

**मूल्याङ्कन प्रणालीः**

विद्यार्थी मूल्याङ्कन अन्तर्गत विद्यार्थी मूल्याङ्कन र पाठ्क्रम मूल्याङ्कन प्रणाली महत्त्वपूर्ण छन् । वर्तमान पाठ्यक्रममा कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई विशेष जोड दिइएको छ । कक्षा १-३ मा शतप्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिका आधारमा, कक्षा ४-५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति र ५० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा र कक्षा ६-७ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति र ६० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा ग्रेड निर्धारण गर्नुपर्ने प्रावधान छ । आधारभूत तह (६-८) को यस स्थानीय पाठ्यक्रममा पनि सोही अनुसार मूल्याङकन विधि अपनाउनु पर्ने छ । स्थानीय पाठ्यक्रमका विषयमा विद्यार्थीले पढेरभन्दा प्रत्यक्ष अवलोकन गरेर पेशा व्यवसायका काम गरेर सामाजिक गतिविधिमा सहभागी भएर सिक्दछन् । यस्तो सिकाइ प्रक्रियाको मूल्याङकन अनौपचारिक रुपमा निरन्तर गरिनुपर्दछ । यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापको अवलोकन, अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी वर्गकै साथी समूहको राय प्रतिक्रिया आदि उपयोगी हुन्छन् । त्यसकारण स्थानीय पाठ्यक्रम बमोजिमको मूल्याङकनमा पनि लिखित परीक्षालाई भन्दा प्रयोगात्मक र निरन्तर मूल्याङ्कन पद्धतिलाई नै बढी जोड दिनुपर्दछ । तोकिएको ढाँचामा प्रगति अभिलेख र पोर्टोफोलियो व्यवस्थित गरी राख्नुपर्नेछ ।

पाठ्यक्रको समग्र मूल्याङकन भने संयन्त्र निर्माण गरी (पाठ्यक्रम निर्माण समूह, सल्लाहकार समिति, पाठ्यक्रम विकास तथा मूल्याङकन समिति, विज्ञ, शिक्षक, विद्यार्थी, अभिभावक, र अन्य सरोकारवाला समेत) तिनको संयुक्त प्रयासमा अवलोकन, अन्तर्क्रिया र छलफलबाट गर्न सकिन्छ । यो पाठ्यक्रम स्थानीय तहमा कार्यान्वयन गरिने भएकोले मूल्याङ्कन नतिजाका आधारमा निरन्तर अद्यावधिक गर्दै लैजान आवश्यक हुन्छ ।

**साभार: स्थानीय पाठ्क्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६**

## १०. स्थनीय पाठ्यक्रमको पाठ्यघण्टी र अङ्क विभाजन तालिका

कक्षा ६-८

| क्र. सं. | क्षेत्र/एकाई | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्यघण्टी | अङ्कभार | पाठ्यघण्टी | अङ्कभार | पाठ्यघण्टी | अङ्कभार |
| १ | भौगोलिक अवस्था | १५ | १२ | २५ | २० | १८ | १४ |
| २ | ऐतिहासिक पृष्ठभूमि | २० | १६ | १० | ७ | १८ | १३ |
| ३ | जनसंख्या | १५ | १२ | १८ | १३ | १५ | ११ |
| ४ | संस्कृति | २० | १५ | २५ | २० | १८ | १३ |
| ५ | पर्यटन | १८ | १३ | १८ | १४ | २० | १७ |
| ६ | पेशाव्यवसाय | २० | १६ | २० | १७ | २५ | २० |
| ७ | सामाजिक मुल्यमान्यता | २० | १६ | १२ | ९ | १४ | १२ |
| | जम्मा | १२८ | १०० | १२८ | १०० | १२८ | १०० |

## ११. समय निर्धारण

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०६९ का अनुसार स्थानीय विषय वा संस्कृत विषयको साप्ताहीक ५ पाठ्यभार र १०० पूर्णाङ्क कायम गरी १७५ पाठ्यघण्टी दिईएको छ भने यस सिस्ने गाउँपालिका स्तरीय स्थानीय पाठ्यक्रममा साप्ताहिक पाठ्यभार ४ र १०० पूर्णाङ्क कायम गरी १२८ पाठ्यघण्टी दिइएको छ। प्रत्येक शैक्षिक सत्र बैशाख देखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने व्यवस्था शिक्षा नियमावली २०५९ (छैटौं संसोधन) मा उल्लेख छ । प्रचलित शिक्षा ऐन र नियमावली बमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्नेछ र १९२ दिन पठनपाठन हुने भएकाले यस पाठ्यक्रमको वार्षिक पाठ्यभार कक्षा ६-८ मा १२८ घण्टी हुनेछ। प्रत्येक घण्टी ४५ मिनेटको हुनेछ। पाठ्यांश अनुसार विद्यार्थीहरुलाई अध्ययन/अवलोकन भ्रमण/ प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिनेछ ।

## १२. पाठ्यक्रम परिमार्जन

समय परिवर्तनशील छ । सो अनुसार सामाजिक इच्छा, आकाङ्छा र आवश्यक्ताहरु पनि बढ्छन् । ती आवश्यकताहरु शैक्षिक पाठ्यांशमा समावेश हुनुपर्दछ जस्ले विद्यार्थीहरुको ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस । यसै अनुरुप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न पनि परिमार्जन हुनेछ । यस क्षेत्रका प्राकृतिक, सामजिक, साँस्कृतिक, भाषिक र वातावरणीय पक्षहरुको सकारात्मक सन्दर्भहरुको खोज, अनुसन्धान र गहिरो अध्ययन गरिनेछ र प्राप्त निष्कर्षलाई क्रमशः यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।